# धनगढ़ी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## राष्ट्रिय भूमि आयोग
## स्थानीय सेवा केन्द्र
धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश -नेपाल

प. सं. २०७९/०८०    मितिः-२०७९/०५/०५

च.नं. १४

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी स्थानीय सेवा केन्द्र
धनगढी उप-महानगरपालिका
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७८

श्री वडा कार्यालय सबै
धनगढी उष-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय
धनगढी,कैलाली ।

**विषयः- सुचना पठाएको वारे ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय भूमि आयोग ताहाचल काठमाडौंको मिती २०७९/०५/०२ को दास्रो पटक प्रकाशित सुचना अनुसार भूमिहिन दलित,भूमिहिन सुकुम्वासी र अव्यवस्थीत वसोवासी व्यवस्थापन प्रयोजनका लागि आयोगले तोकेको ढाँचा वमोजिम निवेदन फारम भरी २०७९/०५/०२ देखि ३५ दिन भित्र स्थानिय तह बाट वडामा तोकीएका स्थानमा लगत संकलन मार्फत पेश गर्नेहुन यो सुचना प्रकाशित गरिएको छ सुचना बमोजिम वडा कार्यालय बाट लगत संकलन गरी पठाईदिनहुन अनुरोध गरिन्छ ।

पुनश्च : राष्ट्रिय भूमि आगोगको सुचना प्रतिलिपी संलग्न राखिएको व्यहोरा अनुरोध छ ।

**वोघार्थ**

श्री नगर प्रमुखको सचिवालय

श्री नगर उप-प्रमुखको सचिवालय

श्री धनगढी उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय धनगढी,कैलाली जानकारीका लागि अनुरोध छ ।

बागेश्वर दत्त ओझा
**सेवा केन्द्र प्रमुख**

धनगढी उप-महानगरपालिका
दर्ता नं. १०५९ २०७९।५।६
मिति :
दस्तखत :

भूमिहीन दलित, भूमिही
अव्यवस्थित बसोबासी स्थान
धनगढी उप-महानगरपालिका
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७८

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति: २०७९/०५/०२)**

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि विभिन्न मितिमा विभिन्न स्थानीय तहहरूका लागि ३५ दिने सूचना प्रकाशित गरिएकोमा देहाय अनुसारका स्थानीय तहहरूले विभिन्न कारण देखाई लगत संकलनको काम सम्पन्न हुन नसकेको भनी आयोगमा पुनः सूचना प्रकाशनका लागि अनुरोध गरेकोले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०७९/०५/०२ देखि ३५ (पैंतिस) दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेस गर्नु हुन यो सार्वजनिक सूचना पुनः प्रकाशन गरिएको छ ।

तपसिल

| प्रदेश | जिल्ला | स्थानीय तहहरु |
|---|---|---|
| प्रदेश न.१ | सुनसरी | गढी गाउँपालिका |
| | उदयपुर | त्रियुगा नगरपालिका |
| | झापा | बुद्धशान्ति गाउँपालिका, मेचीनगर नगरपालिका, कमल गाउँपालिका |
| | मोरङ | कानेपोखरी गाँउपालिका |
| मधेश प्रदेश | सिरहा | गोलबजार नगरपालिका, कर्जन्हा नगरपालिका |
| | बारा | जीतपुरसिमरा उपमहानगरपालिका |
| बागमती प्रदेश | ललितपुर | कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका |
| | काठमाडौं | गोकर्णेश्वर नगरपालिका, तारकेश्वर नगरपालिका, टोखा नगरपालिका |
| गण्डकी प्रदेश | तनहुँ | शुक्लागण्डकी नगरपालिका, आबुखैरेनी गाउँपालिका |
| | बाग्लुङ | बाग्लुङ नगरपालिका |
| | स्याङ्जा | गल्याङ नगरपालिका |
| लुम्बिनी प्रदेश | पाल्पा | तानसेन नगरपालिका, रामपुर नगरपालिका, रैनादेवी छहरा गाउँपालिका |
| | रुपन्देही | तिलोत्तमा नगरपालिका |
| | अर्घाखाँची | छत्रदेव गाँउपालिका, मालारानी गाउँपालिका, पाणिनी गाउँपालिका, शितगंगा नगरपालिका, सन्धिखर्क नगरपालिका, भूमिकास्थान नगरपालिका |
| कर्णाली प्रदेश | दैलेख | दुल्लु नगरपालिका, आठबिस नगरपालिका |
| सुदुरपश्चिम प्रदेश | कैलाली | भजनी नगरपालिका, लम्कीचुहा नगरपालिका, धनगढी उप-महानगरपालिका |
| | कन्चनपुर | कृष्णपुर नगरपालिका, भीमदत्त नगरपालिका, बेलडाँडी गाउँपालिका |

**द्रष्टव्य :** यस अघि निवेदन गरिसकेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूले पुनः निवेदन दिनु पर्ने छैन तर निस्सा लिन सम्बन्धित वडामा सम्पर्क गर्नु पर्नेछ ।

प्रमुख